**नेपाल सरकार**
**श्रम तथा रोजगार मन्त्रालय**
# वैदेशिक रोजगार प्रवर्द्धन बोर्डको सचिवालय,
**नयाँ वानेश्वर, काठमाडौ**

## सीप विकास तालिम कार्यक्रम संचालन गर्नको लागि आशयपत्र माग गरिएको सूचना

**प्रथम पटक प्रकाशित मिति २०७२।०७।१६**

१. वैदेशिक रोजगार प्रवर्द्धन बोर्डको सचिवालयबाट आ.ब.२०७२/७३ को लागि वैदेशिक रोजगारमूलक सीप विकास तालिम तोकिएको विषय, अवधि, समुह, संख्या र स्थानमा सञ्चालन गनुपर्ने भएकोले तालिम सञ्चालन गर्न इच्छुक फर्म, संस्था वा कम्पनीहरुसंग आशयपत्र माग गरिएको छ।

२. प्रस्तावित तालिम कार्यक्रमको खर्च वैदेशिक रोजगार प्रवर्द्धन बोर्डको श्रोतवाट व्यहोरिनेछ।

३. तालिमको विषय क्षेत्र निम्न रहेका छनः
(क) निर्माणक्षेत्रसँग सम्बन्धित विषय (इलेक्ट्रिसियन, प्लम्बर, मेशन, स्टिल फिक्चर, सटरिङ कार्पेन्टर, स्काफोल्डिङ र हाउस पेन्टिङ)
(ख) होटल व्यवस्थापनसँग सम्बन्धित विषय (कुक, वेटर/वेट्रेस र हाउस किपिङ)
(ग) टेलरिङ
(घ) सुरक्षा गार्ड

४. तालिम सञ्चालन गर्नु पर्ने स्थान बोर्ड सचिवालयबाट तोकिएको कुनै पनि जिल्ला हुनेछ।

५. आशयपत्रदाता फर्म, संस्था वा कम्पनीको न्यूनतम योग्यता देहाय बमोजिम हुनु पर्नेछः–
(क) फर्म, संस्था वा कम्पनी सम्बन्धित कार्य गर्ने गरी दर्ता/नविकरण भएको। (ख) स्थाई लेखा नं. र मु.अ.करमा दर्ता भएको। (ग) आ.ब. २०७१/७२ सम्मको कर चुक्ता गरेको। (घ) समान प्रकृतिको काममा विगत पाँच वर्षदेखि संस्थागत कार्य गरेको अनुभव भएको। (ङ) आ.ब. २०७१/७२ मा न्यूनतम रु. १० लाखको कारोबार गरेको। (च) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदबाट सम्बन्धन प्राप्त गरेको(सुरक्षागार्डको हकमा क्षेत्रीय प्रशासन कार्यालयबाट स्वीकृति समेत लिएको)। (छ) प्राविधिक आर्थिक क्षमता, अनुभव र योग्यता सम्वन्धित विषयको तालिम दिलाउने कामको लागि ग्राह्य भएको। (ज) आशय पत्र पेश गर्ने फर्म, संस्था वा कम्पनीको उद्देश्य सम्वन्धित तालिमसँग मेल खाने देखिएको। (झ) प्रचलित कानुन बमोजिम कुनै पनि कानूनी कारवाही नभएको।

६. आशयपत्रसाथ दाताले देहाय अनुसार कागजात र विवरण पेश गर्नुपर्नेछ :
(क) फर्म, संस्था वा कम्पनीको दर्ता प्रमाणपत्र, स्थाई लेखा नं. र मु.अ.करमा दर्ता प्रमाणपत्रको प्रतिलिपि (ख) आ.ब. २०७१/७२ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि र लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि (ग) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदबाट सम्बन्धन प्राप्त प्रमाणपत्र को प्रतिलिपि (घ) फर्म, संस्था वा कम्पनीहरुको विवरण, संगठन र जनशक्तिको विवरण (ङ) विगत पाँच वर्षमा सम्पन्न गरेको समान प्रकृतिको काम, स्थानको विवरण र प्रमाणित कागजात (च) प्रचलित कानुन बमोजिम कुनै कारबाही नभएको स्वघोषणा

७ दुई वा दुई भन्दा बढी फर्म वा कम्पनीले समुह, संगठन वा संयुक्त उपक्रमको रुपमा आशय पत्र पेश गर्न पाइने छैन।

८. आशयपत्रदाताको योग्यता, अनुभव र क्षमताको मुल्याङ्कन गरी बोर्ड सचिवालयले सम्वन्धित परामर्श सेवा दिन सक्ने योग्य आशयपत्रदाताहरुको छनौट गरी संक्षिप्त सूची तयार गर्नेछ। संक्षिप्त सूचीमा परेका फर्म, कम्पनी वा संस्थावाट मात्र परामर्श सेवा प्राप्त गर्न प्राविधिक र आर्थिक प्रस्ताव माग गरिनेछ।

९. प्रस्तावित कार्यक्रम सम्पन्न गर्नु पर्ने समयाबधि २०७३ असारसम्म रहनेछ।

१०. आशयपत्र पेश गर्ने फर्म, कम्पनी र संस्थाहरुले एकभन्दा बढि विषयको लागि आशयपत्र पेश गर्न चाहेमा छुट्टाछुट्टै गर्नु पर्नेछ।

११ आशयपत्र सम्बन्धी प्रस्ताव फाराम यस बोर्डको सचिवालयबाट रु. ३००।– (तीन सय रुपैंया मात्र, फिर्ता नहुने) बुझाई प्राप्त गर्न सकिनेछ। यसका लागि पत्र सहित वैदेशिक रोजगार प्रवर्द्धन वोर्डको सचिवालयको नाममा एभरेष्ट बैंक लि.को खाता नं. ००१०११०२२०००००६ मा रु. ३००।– रुपैंया तीन सय) बुझाएको सक्कल भौचर, संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थाई लेखा नं. र मु.अ.करमा दर्ता प्रमाण पत्रको प्रतिलिपि र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ।

१२. यो सूचना प्रकाशित मितिले १५ दिनभित्र कार्यालय समयभित्र यस सचिवालयको कार्यालय नयाँवानेश्वर काठमाडौमा आशयपत्र शिलबन्दी गरी दर्ता गर्नु पर्नेछ। अन्तिम मितिको दिन बिदा परेमा सोको भोलीपल्ट कार्यालय समयमा दर्ता गर्न सकिनेछ। म्याद नाघी वा रित नपुगी प्राप्त आशय पत्र उपर कुनै कारवाही गरिने छैन।

१३. तोकिएको समयभित्र प्राप्त आशयपत्रहरु सूचना प्रकाशित मितिले सोह्रौं दिन, दिनको १२:०० बजे आशयपत्र पेश गर्ने संस्थाका प्रतिनिधिहरुको रोहवरमा यस सचिवालयमा खोलिनेछ र सो दिन बिदा परेमा सोको भोली पल्ट दिनको १२:०० बजे खोलिनेछ।

१४. आशयपत्रदाताहरुबाट पेश गरिने कागजातहरुको प्रतिलिपि नोटरी पब्लिकबाट प्रमाणित हुनुपर्नेछ।

१५. आशयपत्र कुनै कारण जनाइ वा नजनाई छनौट र सूचिकृत गर्ने वा नगर्ने अधिकार बोर्ड सचिवालयमा निहित रहनेछ।

१६. यस सम्वन्धी थप जानकारीको लागि यस सचिवालयको तालिम शाखा वा फोन नं. ४१०५०५८, र ४१०५०६८ मा सम्पर्क गर्न सकिनेछ।